अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	लक्ष्मणप्रसाद यादव, रामदरश राउत, शेरबहादुर राउत, कृष्णप्रसाद गौतम, लिलामणी आचार्य र सन्दिप नेपाली,उमादेबी बुढाथोकी, धनकुमारी मगर भन्ने धन कुमारी, उर्मिला थापा मगर, एम बहादुर थापा मगर, नन्दमाया खनाल, प्रेम बहादुर थापा, पूर्णबहादुर सुस्लिङ्ग, सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल, दिलिप महतो, ओम प्रकाश खड्का, शशी श्रेष्ठ, चुडामणी पोखरेल, हेमन्त प्रसाद साह र बेचन ठाकुर (**मुद्दा नं.**०८०-CR-०१३०) **फैसला मिति** २०८१।०३।	सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** • प्रतिवादीहरु डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालिन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साह, सहायक वन अधिकृत बेचन ठाकुर,, मालपोत कार्यालय बर्दिबास, महोत्तरीका तत्कालिन नायब सुब्बा ओम प्रकाश खड्का, बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालिन तत्कालीन वडाध्यक्ष चुडामणी पोखरेल, वडा सदस्य शान्ता देवी श्रेष्ठ, रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालिन अध्यक्ष शेर बहादुर राउत, उपाध्यक्ष उमादेबी बुढाथोकी, कोषाध्यक्ष प्रेम बहादुर थापा, सचिब धन कुमारी मगर, सदस्यहरु उर्मिला थापा मगर र पूर्ण बहादुर सुस्लिङ्गको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.११,९६,६९५/- विगो कायम गरी ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरीवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानीनोक्सानी भएको विगो असुल उपर हुन, • प्रतिवादीहरु सव-डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालिन सहायक वन अधिकृत लक्ष्मण प्रसाद यादव, ऐ. कार्यालयका तत्कालिन फरेष्टर सन्तोष कुमार साह, ऐ. कार्यालयका तत्कालिन वन रक्षकहरु राज किशोर झा, अजय कुमार यादव, राकेश कुमार यादव, नारायण ढुंगेल र दिलिप महतो र नापी कार्यालय, बर्दिवास महोत्तरीका तत्कालिन अमिन राम दरश राउतको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.११,९६,६९५/- विगो कायम गरी ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरीवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानीनोक्सानी भएको वीगो असुल उपर हुन साथै गलत	• प्रतिवादीहरु लक्ष्मणप्रसाद यादव, रामदरश राउत, शेरबहादुर राउतको हकमाः- यी प्रतिवादीहरु रुख कटानको अनुमति प्रदान गर्ने प्रकृयामा संलग्न भई विगो दावीको वनपैदावार हानीनोक्सानी गर्ने कार्यमा रहेको भूमिका लापर्वाही युक्त र बदनियत पूर्ण देखिएकोले यी प्रतिवादीहरुलाई आरोपित कसूरमा जनही २ वर्ष ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१,९९,४४९।१६ जरिबाना र उक्त ऐनको दफा १७ बमोजिम जनही रु.१,९९,४४९।१६ बिगो असुल हुने ठहर्छ ।साथै,प्रतिवादीहरु लक्ष्मणप्रसाद यादव र रामदरश राउतले गलत प्रतिवेदन दिइ उक्त ऐनको दफा १९(२) को कसुर गरेकोले सो कसूरमा प्रतिवादीहरु लक्ष्मणप्रसाद यादव र रामदरश राउतलाई जनही ३ महिना कैद र रु.१०,०००।- जरिबाना समेत हुने ठहर्छ। • प्रतिवादीहरु कृष्णप्रसाद गौतम, लिलामणी आचार्य र सन्दिप नेपालीले जानाजान बदनियत राखि सामुदायिक वनक्षेत्रको रुखहरुलाई व्यक्ति विशेषको दर्ताभित्रको जग्गाको रुख रहेको भनी कटानको माग गर्ने, सिफारिस गर्ने र कटान समेतको कार्य गरी सरकारलाई हानीनोक्सानी पुग्ने कार्यमा सहयोग गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को मतियार	• प्रस्तुत मुद्दामा जिल्ला महोत्तरी, वर्दिवास नगरपालिका वडा नं. १ बस्ने कृष्णप्रसाद गौतम र लिलामणी आचार्यको संयुक्त नाममा दर्ता रहेको सावित बहादुरगञ्ज वडा नं. ३(क) कि.नं. २ को १-२-११ क्षेत्रफल भएको जग्गाका रुखहरु कटान गर्ने भनी सोही स्थानमा रहेको रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा २०४१।२०४२ सालमा नेपाल सरकारले वृक्षारोपण गरेको वनका रुखहरु कटान गरी वन फडानी गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा रुख कटान ईजाजत दिएको भनिएको स्थलगत गरी जिपिएसवाट नापी सर्भे गर्दा उक्त निजी जग्गामा रुख कटान नभई रम्तेलडाँडा सामुदायिक वन क्षेत्रभित्र ४०६ वटा ताजा अवस्थाका रुखहरु कटान भएको देखिएको ५६ वटा ठुटाहरु जे.सि.वि.ले उखेली फालेको समेतबाट जम्मा रु.११,९६,६९५।- बराबरको हानी नोक्सानी भएको तथ्य डिभिजन वन कार्यालय महोत्तरीका सहायक वन अधिकृत बेचन ठाकुर समेतले गरेको घटनास्थल मुचुल्का र सोही मुचुल्कालाई समर्थन गर्ने गरी बेचन ठाकुर समेतका व्यक्तिहरुले पेस गरेको प्रतिवेदन तथा घटनास्थलमा रहेका रुखका ठुटाहरुको ठुटा नं., जात, ठुटाको गोलाई, सो ठुटाका रुखका गोलिया काठहरुको गोलियाको जात, गोलिया नं., ठुटा तथा गोलियामै लेखन कार्य तथा टिपोट गर्ने कार्य गरी बरामद गरेको, खडा रुखहरुको जात, वर्ग, गोलाई, अ.लम्बाई, जिपिएस पोईन्ट लिई लगत टिपोट, मिति २०७७।०९।२६ को फिल्ड सर्जमिन मुचुल्का र उक्त मुचुल्कालाई समर्थन गर्ने फिल्ड प्रतिवेदन तथा रुख कटान गरिएको क्षेत्र कित्ता नं. २ को क्षेत्र भित्र नरहि सो कित्ता नं. को उत्तरतर्फ रहेको क्षेत्रमा कटान भएको प्राविधिक टोलीले "रुख कटान क्षेत्र" भनी उल्लेख गरेको मिति २०७७।०९।१४ देखि २०७७।०९।२६ सम्म स्थलगत खटि सर्वेक्षक भोगेन्द्र साह, धिरेन्द्र ठाकुर र सुवोधकुमार राउतले तयार गरेको नापजाँच नक्सा तथा निजहरु भोगेन्द्र साह र सुवोधकुमार राउतले यस अदालतमा उपस्थित भई निजहरुले लेखाइदिएको अनुसन्धानको क्रममा लेखाइदिएको बेहोरालाई पुष्टि गरी गरिदिएको बकपत्र, अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय बर्दिवास, महोत्तरीको प्रहरी नायव उपरीक्षक मधुकुमार थापा समेतको प्राविधिक टोलीले मिति २०७७।०९।१२ गते तयार गरेको मुचुल्का तथा निज मधुकुमार थापाले उक्त मुचुल्कालाई समर्थन गर्ने गरी यस अदालतमा गरेको बकपत्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास महोत्तरीका उपसचिव हरिकृष्ण के.सी समेतको टोलीले स्थलगत रुपमा गरेको मिति २०८०।०२।०४ को स्थलगत मुचुल्का तथा हरिकृष्ण के.सीले यस अदालतमा उक्त मुचुल्कालाई समर्थन गर्ने गरी गरको बकपत्र र अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरुले गरेको घटनाविवरण कागज तथा सुवोधकुमार राउत र भोगेन्द्र साहले उल्लिखित घटनाविवरण कागजलाई पुष्टि गरी यस अदालतमा बकपत्र गरेको समेतका आधार प्रमाणहरुबाट पुष्टि भएको छ। • **प्रतिवादी डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालिन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहको हकमाः** रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा रहेका रुखहरु बर्दिवास नगरपालिका वडा नं. १ बस्ने जग्गाधनी लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमको संयुक्त नाममा दर्ता कायम रहेको सावित २५ नं. बहादुरगञ्ज वडा नं. ३(क) कि.नं.२ को क्षेत्रफल १-२-११ रहेको निजी नम्बरी आवादीको जग्गा भित्र पर्छ भनी रम्तेलडाँडा सामुदायिक वन क्षेत्रको रुखमा टाँचा छपान गराई, कटान गर्न ईजाजत दिई, वन क्षेत्रको रुखहरु व्यक्तिलाई लाभ हुने गरी

	२५		विवरण व्यहोराको सर्जमिन मुचुल्का तयार गरी ऐ. ऐनको दफा १९ को उपदफा (२) को कसुरमा ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन, • जिल्ला महोत्तरी, बर्दिबास नगरपालिका वडा नं.१ बस्ने जग्गाधनी द्धय लिलामणी आचार्य र कृष्ण प्रसाद गौतम, रुख कटान गर्ने ठेकेदार सन्दिप नेपाली, रम्तेल, डाँडा सामुदायिक वनका उपभोक्ता एम बहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्रीको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरको मतियारमा दफा २२ बमोजिमको कसुरमा विगो रकम रु.११,९६,६९५/-कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्याशं बमोजिम मुख्य कसुरदारलाई हुने सरह पुरै सजाय हुन मागदावी लिईएको	भई उक्त ऐनको दफा २२ को मुख्य कसुरदार सरह उक्त ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम २ वर्ष ६ महिना कैद र बिगोको दामासाहीले जनही रु.१,९९,४४९।१६ जरिबाना र उक्त ऐनको दफा १७ बमोजिम जनही रु.१,९९,४४९।१६ बिगो असुल हुने ठहर्छ। • प्रतिवादीहरु मध्येका उमादेवी बुढाथोकी, धनकुमारी मगर भन्ने धन कुमारी, उर्मिला थापा मगर, एम बहादुर थापा मगर, नन्दमाया खनाल, प्रेम बहादुर थापा, पूर्णबहादुर सुस्लिङ्ग मिति २०७७।०७।२८ मा तयार भएको सर्जमीन मुचुल्कामा साक्षी सम्म बसी सहीसम्म गरेको देखिएको, प्रतिवादीहरु सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल र दिलिप महतो उक्त सर्जमिन मुचुल्का गर्दा काम तामेल गर्ने वनका कर्मचारी सम्म रहेको देखिएको, प्रतिवादी ओम प्रकाश खड्का मालपोत कार्यालयको प्रतिनिधिका रुपमा तथा प्रतिवादी शशी श्रेष्ठ र चुडामणी पोखरेलले गाउँपालिकाको प्रतिनिधिका रुपमा रोहबरमा बसी सहि तथा पदीय जिम्मेवारी अनुसार सिफारिस गरेको देखिएको, प्रतिवादी डिभिजन वन अधिकृत हेमन्तप्रसाद साह र सहायक वन अधिकृत बेचन ठाकुरले व्यक्तीको नाम दर्ताको जग्गाको रुखहरु कटान गरी पाउँ भनि परेको निवेदनमा पदिय हैसियतमा निजि जग्गाको रुख सम्म कटान गर्न अनुमति दिएको देखिएको र यी प्रतिवादीहरुको	विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई वन अतिक्रमण हुने गरी भए गरेको कामबाट सरकारी सामुदायिक वनको संरक्षण गर्ने दायित्व वहन गर्ने तत्कालिन डिभिजनल वन अधिकृत पदमा रहेका यी प्रतिवादी हेमन्त प्रसाद साह आफै फिल्डमा गई, फिल्ड बुकमा साँध सिमानामा जंगल जनिई पूर्व र उत्तरमा सार्वजनिक जग्गासँग जोडिएको जग्गाको रुख कटानको आदेश दिनु पूर्व जिपिएसबाट नापी सर्भे तथा कटान हुने रुखहरुको अवस्थिति हेर्न लगाउनु पर्नेमा सो समेत गर्न नलगाएको, रुख कटान हुनु अघि डि.एफ.ओ. समेतको टोली फिल्डमा आई जाँचबुझ सर्जमिन मुचुल्का गरी रुख कटान अवधिभर निज समेतको प्रत्यक्ष निगरानी र निर्देशनमा रुख कटान भएको स्थलगत मुचुल्काबाट देखिएको, मातहतका कर्मचारी, सामुदायिक वनका पदाधिकारी, उपभोक्ता लगायतले रुख छपान, कटानको समयमा निज प्रतिवादी हेमन्त प्रसाद साह र बेचन ठाकुरको प्रत्यक्ष रुपमा उपस्थिती रहेको भनी बयान गरेको देखिएको, वन क्षेत्रका रुख कटान गरी, संकलन, नापजाँच र मूल्याङ्कन समेत नभई, अकारण रुखका ठुटा समेत उखेली, बार बन्धनको लागि फलामे एंगल समेत गाडेको अवस्थामा रहनुले निजको प्रत्यक्ष संलग्नतामा मात्र निज जग्गाधनी समेतले उक्त कानून विपरितका रुख कटान तथा सामुदायिक वन अतिक्रमणका कार्य गर्न सक्ने अवस्था रहेको घटनाक्रमले समेत पुष्टी गरेको देखिएको, अतः यी प्रतिवादी हेमन्त प्रसाद साह सामुदायिक वन क्षेत्रका रुखहरुलाई निजी नम्बरी आवादीका भनी सर्जमिन मुचुल्का तयार गर्दा, सामुदायिक वनका रुखहरुमा टाँचा छपान गर्दा फिल्डमा स्वयमं उपस्थित रहनु, निजी नम्बरी आवादीका भनी सामुदायिक वनका रुख कटानको लागि सिफारिस भई आउँदा समेत सतर्कता नअपनाई जानिबुझी सिफारिस सदर गर्नु, निजी नम्बरी आवादीका भनी कानून विपरित १०० थान वन क्षेत्रको रुख कटानको ईजाजत दिएकोमा ४०६ थान रुख कटान भई उक्त वन क्षेत्रमा बार बन्धन गर्ने उद्वेश्यले फलामे एंगल प्रयोग हुनु समेतबाट यी प्रतिवादी डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालिन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साह उक्त कार्यमा संलग्न रही आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा यी प्रतिवादीलाई आरोप दावीको कसूर ठहर गरी सजाय हुनु पर्नेमा सो प्रमाणको मूल्याँकन नै नगरी यी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • **डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालिन सहायक वन अधिकृत बेचन ठाकुर तथा सव-डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालिन फरेष्टर सन्तोष कुमार साह, वन रक्षकहरु राज किशोर झा, अजय कुमार यादव, राकेश कुमार यादव, नारायण ढुंगेल र दिलिप महतोको हकमाः** उक्त सरकारी सामुदायिक वनको संरक्षण गर्ने दायित्व रहेका यी प्रतिवादी डिभिजन वन कार्यालय जलेश्वर, महोत्तरीका तत्कालिन सहायक वन अधिकृत बेचन ठाकुर समेतका यी वन कर्मचारीहरु सामुदायिक वनका रुख छपान, कटानको समयमा समेत कटान क्षेत्रमा प्रत्यक्ष रुपमा उपस्थित रहेको भनी बर्दिबास सव डिभिजन वन कार्यालयका कर्मचारी, सामुदायिक वनका पदाधिकारी, उपभोक्ता लगायतले बयानको क्रममा एकै मिलान व्यहोराले वयान गरेको देखिएको, स्थलगत मुचुल्कामा समेत बेचन ठाकुर समेतका यी वन कर्मचारीहरुको प्रत्यक्ष निगरानी र निर्देशनमा रुख कटान भएको भन्ने व्यहोरा पाईएको, निज प्रतिवादी बेचन ठाकुर समेतले सार्वजनिक सम्पत्तिको लापरवाही साथ बद्नियतपूर्वक सरकार / सार्वजनिक संस्थालाई हानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई वन अतिक्रमण हुने गरी आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • **प्रतिवादीहरु मालपोत कार्यालय बर्दिबास, महोत्तरीका तत्कालिन नायब सुब्बा ओम प्रकाश खड्का,**

				कारण सार्वजनीक सम्पत्तिको हिनामिना भएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टी नभएको तथा यी प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारीको बयान देखि नै आरोपित कसुरमा इन्कार रहेको देखिएकोले यी प्रतिवादीहरु उमादेबी बुढाथोकी, धनकुमारी मगर भन्ने धन कुमारी, उर्मिला थापा मगर, एम बहादुर थापा मगर, नन्दमाया खनाल, प्रेम बहादुर थापा, पूर्णबहादुर सुस्लिङ्ग, सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल, दिलिप महतो, ओम प्रकाश खड्का, शशी श्रेष्ठ, चुडामणी पोखरेल, हेमन्त प्रसाद साह र बेचन ठाकुरले सफाई पाउने ठहर्छ ।	**बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालिन वडा सदस्य शान्ता देवी श्रेष्ठ, रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालिन उपाध्यक्ष उमादेबी बुढाथोकी, कोषाध्यक्ष प्रेम बहादुर थापा, सचिब धन कुमारी मगर भनिने धन कुमारी,, तत्कालिन सदस्यहरु उर्मिला थापा मगर र पूर्ण बहादुर सुस्लिङ्ग, रम्तेल डाँडा सामुदायिक वनका उपभोक्ता एम बहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्रीको हकमाः** उक्त कि.नं.२ क्षेत्रफल १-२-११ को निजी नम्बरी आवादीको जाँचबुझ सर्जमिन मुचुल्का तयार गर्दा रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा पर्ने रुखहरुलाई जग्गाधनीहरुको निजी नम्बरी आवादीको जग्गाको रुखहरु भएको, रुखहरु भएको उक्त जग्गा ऐलानी, पर्ति, सरकारी तथा बसोवास वा पुनर्वास गरिएको जग्गा नभएको भनी निजी नम्बरी आवादीको जाँचबुझ सर्जमिन मुचुल्कामा यी प्रतिवादीहरुले सहिछाप गरेको मिसिल संलग्न सर्जमिन मुचुल्काबाट पुष्टि भएको देखिन्छ । यी प्रतिवादीहरुले मुचुल्का गरी सामुदायिक वन क्षेत्रमा रहेका रुखहरुलाई उक्त निजी हकभोग भित्र रहेको जग्गामा पर्छ भनी सरकारी सामुदायिक वनको रेखदेख र संरक्षण गर्ने समेतको सार्वजनिक पदमा रहेका यी प्रतिवादीहरुले सार्वजनिक सम्पत्तिको लापरबाही साथ बद्नियतपूर्वक सरकार / सार्वजनिक संस्थालाई हानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई वन अतिक्रमण हुने गरी भए गरेको कसूरमा यी प्रतिवादीहरुको संलग्नता रहेको मिसिल संलग्न प्रमाणबाट निर्विवाद रुपमा पुष्टि भएकोमा यी प्रतिवादीहरुलाई आरोप दावीको कसूर ठहर गरी सजाय हुनु पर्नेमा सो प्रमाणको मूल्याँकन नै नगरी यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • **बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष चुडामणी पोखरेलको हकमाः** यी प्रतिवादीले आफ्नो कार्यक्षेत्र भएको ठाउँको अनुगमन समेत नगरी रम्तेलडाँडा सामुदायिक वन क्षेत्रमा पर्ने रुखहरुलाई जग्गाधनीहरु लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमको संयुक्त रुपमा नम्बरी दर्ता कायम रहेको उक्त कि.नं.२ क्षेत्रफल १-२-११ को जग्गाका रुखहरु कटान गर्न कटान आदेश दिन भनी सिफारिस गरी बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष यी प्रतिवादी चुडामणी पोखरेलले सार्वजनिक सम्पत्तिको लापरबाही साथ बद्नियतपूर्वक सरकार/ सार्वजनिक संस्थालाई हानी हुने र व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका जम्मा ४०६ वटा रुख कटान भई वन अतिक्रमण हुने गरी कटान सिफारिस दिई भए गरेको कामबाट यी प्रतिवादीको प्रस्तुत वारदातमा संलग्नता रहेको मिसिल संलग्न प्रमाणबाट निर्विवाद रुपमा पुष्टि भएकोमा यी प्रतिवादीलाई आरोप दावीको कसूर ठहर गरी सजाय हुनु पर्नेमा सो प्रमाणको मूल्याँकन नै नगरी यी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरु उमादेबी बुढाथोकी, धनकुमारी मगर भन्ने धन कुमारी, उर्मिला थापा मगर, एम बहादुर थापा मगर, नन्दमाया खनाल, प्रेम बहादुर थापा, पूर्णबहादुर सुस्लिङ्ग, सन्तोषकुमार साह, राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुंगेल, दिलिप महतो, ओम प्रकाश खड्का, शशी श्रेष्ठ, चुडामणी पोखरेल, हेमन्त प्रसाद साह र बेचन ठाकुर समेतको प्रस्तुत वारदातमा संलग्नता रही निज प्रतिवादीहरुले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको सो हद सम्मको फैसला त्रुटिपूर्ण भएकोलेप्रस्तुत फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्न।